# इन्द्रेणी ई-बुलेटिन

*समाज परिवर्तनको संवाहक*

इ-बुलेटिन मासिक | अंक ६ | वर्ष १ | महिनाः माघ २०७२

**संरक्षक**
रुद्र मश्राङ्गी


**सम्पादक**
दशरथ अस्लामी

**सम्पादन सहयोगी**
राम बहादुर पाटा
यम राना
नवराज शर्मा
गोपाल खराल
निर्मला दर्नाल

**सम्पर्कको लागि**
इन्द्रेणी समाज केन्द्र, नेपाल
फोन ०७७५२००९१
इमेलः iskpalpa@yahoo.com
वेवसाइटः www.isknepal.org.np
फेसवुकः www.facebook.com/Indreni-Samaj-Kendra-ISK-Nepal

**KEEP CALM AND STOP SUICIDE**

### बाख्रपालन बाट आत्मनिर्भर बनाउने अभियान



### समाचार संक्षेप-:

- पाल्पाको सोमादी, भुवनपोखरी, छहरा र मुझुङ्मा मानव अधिकार प्रवर्द्धन समिति गठन ।
- गल्धा र मित्यालको थप ६ वडामा महिला-पुरुष समविकास तालिम सम्पन्न
- रामपुर र तानसेन डिआइसीमा योजनावद्ध समूह छलफल सम्पन्न
- तानसेन डिआइसीमा आत्म लान्छना र भेदभाव न्युनिकरण तालिम सम्पन्न
- साथी शिक्षकहरुलाई पुनताजगि तालिम सम्पन्न

## जिल्ला परियोजना सल्लाहकार समितिको अनुगमन भ्रमण गल्धामा सम्पन्न

इन्द्रेणी समाज केन्द्र नेपालद्धारा हेफर इन्टरनेश्नल नेपाल, गल्धा गाउँ विकास समितिको सहयोगमा संचालित साना किसान उद्यमी सवलीकरण परियोजनाको जिल्ला परियोजना सल्लाहकार समितिले अनुगमन भ्रमण सम्पन्न गरेको छ । समितिले गल्धा गाउँ विकास समिति अन्र्तगत संचालन भैरहेका परियोजनाका गतिविधि तथा उपलब्धिहरुको अनुगमन गरेको हो । अनुगमन भ्रमणमा जिल्ला विकास समिति पाल्पाका वरिष्ठ कार्यक्रम अधिकृत दुर्गा बहादुर थापा, जिल्ला पशुसेवा कार्यालय पाल्पाका पशु विकास अधिकृत डा. चन्द्र बहादुर राना, कान्तिपुर दैनिकका पाल्पा संवाददाता माधव अर्याल, पत्रकार महासंघ पाल्पाका यज्ञमुर्ति तिमिल्सिना, जिल्ला सहकारी कार्यालयका सहकारी निरिक्षक नारायण प्रसाद न्यौपाने, महिला बालबालिका कार्यालयका बाल संरक्षक मनोज आचार्य, पशु चिकित्सक रामजी अधिकारी, इन्द्रेणी समाज केन्द्र नेपाल वोर्ड समितिका सचिव ओम बहादुर मश्राङ्गी, कार्यक्रम व्यवस्थापक रुद्र मश्राङ्गी लगायतको सहभागिता रहेको थियो । समितिले प्रगतिशिल महिला समूहले गल्धा ८ बेलडाँडामा सामूहिक घाँस लगाएको क्षेत्र, दुङ्गानाबेंशी महिला समूह गल्धा ६ दुङ्गानाबेंशीमा औपचारिक कार्यक्रम तथा अन्तक्रिया गरि खोर तथा सामूहिक गतिविधि, सुन्तलाघारी महिला समूह गल्धा ६ बहपुर खोर तथा सुन्तला खेतीको अध्ययन अवलोकन गरेको थियो । अनुगमन भ्रमण परियोजनाले गरेका गतिविधिको बारेमा सरोकारवालाहरुलाई जानकारी गराई सामिप्यता बढाउने तथा आवश्यक सल्लाह सुझावहरु संकलन गरि आगामी दिनहरुमा थप प्रभावकारी बनाउने उद्धेश्यले गरिएको परियोजना संयोगजक रामबहादुर पाटाले जानकारी दिनुभयो ।

**नयाँ कुरा सिक्न सिकाउन सजिलो छ, तर पुरानो कुरा छुटाउन गाह्रो हुन्छ ।**



## Fast track target to end the HIV AIDS epidemic by 2020!



धेरैले रुप हेरेर विचार गर्दछ तर असल मानिसले हृदय हेरेर विचार गर्दछ ।

हस्तकला..........



## इन्द्रेणीको लान्छना र भेदभाव न्युनिकरण तालिम सम्पन्न

इन्द्रेणी समाज केन्द्र नेपालले अन्र्तराष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग युएसएआइडीको आर्थिक तथा प्राबिधिक सहयोगमा साथ-साथ परियोजना अन्तर्गत संचालित एचआइभी तथा यौनरोग रोकथाम, उपचाार तथा हेरचाह कार्यक्रम अन्तर्गत तानसेन सेवा केन्द्रमा लान्छना र भेदभाव न्युनिकरण तालिम सम्पन्न भयो । कार्यक्रम आप्रवासी कामदारका श्रीमतिहरु र एचआईभी संक्रमितहरुको उपस्थितिमा गरिएको थियो । कार्यक्रम १९ जनाको सक्रिय सहभागीतामा कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रमको सहजीकरण साथ-साथ प्रोजेक्टका परियोजना संयोजक दशरथ अस्लामी, सुचना अधिकृत नवराज शर्मा, फिल्ड सुपरभाईजर निर्मला दर्नाल र प्रतिवद्ध सहयोग समूहकी लक्ष्मी कुँवरले गर्नुभएको थियो । कार्यक्रम यौनरोग तथा एचआईभी, एड्सको बारेमा जानकारी गराउने, लान्छना र भेदभाव, यसले पार्ने प्रभाव, असर र न्युनिकरणको बारेमा सचेत गराउने, आत्मसम्मानको विकास गर्दै सकारात्मक जिवन विताउन सहयोग गर्ने लगायतका उद्धेश्यले गरिएको थियो । तालिममा वोल्दै परियोजना संयोजक दशरथ अस्लामीले सहभागिहरुलाई लान्छनाको सामना गर्न र सकारात्मक जिवन बिताउनका लागि आवश्यक पर्ने तत्वहरु बारेमा पनि जानकारी गराउनुभयो । संक्रमित हरुले नियमित इपिसी सेवा लिन, पोषण सम्बन्धी कुरामा ध्यान दिन, सरसफाई, सुरक्षित यौन सम्बन्ध आदिका बारेमा पनि जानकारी गराउनुभएको थियो । तालिममा सहभागि एचआइभी संक्रमितहरु सकारात्मक र उदाहरणिय बन्न प्रतिबद्ध भएका थिए ।

## फोटो ग्यालरी



अनुगमन टोलीसंग अन्तक्रियामा समुहक




गल्धामा महिला समूहको बैठक बस्दै

## गाउँ विकास समिति स्तरीय मानव अधिकार प्रर्वन समिति गठन

इन्द्रेणी समाज केन्द्र, नेपालद्धारा सञ्चालित पिछडिएका समुदायको मानव अधिकार प्रर्वद्धन कार्यक्रम अन्तर्गत गाउँ विकास समिति स्तरीय मानव अधिकार प्रर्वद्धन समिति गठन भएको छ । परियोजना कायक्षेत्र अन्तर्गतका जिल्लाका ५ गाउँ विकास समितिमा उक्त समिति गठन गरिएको हो । छहरा गाउँ विकास समितिमा नारायणी गहतराज संयोजकत्वमा २५ सदस्यीय, भुवनपोखरी गाउँ विकास समितिमा गोपाल प्रसाद लम्सालको संयोजकतवमा २७, सोमादी गाउँ विकास समितिमा मोहनीलाल पोखरेलको संयोजकत्वमा २५ सदस्यीय, मुझुङ्ग गाउँ विकास समितिमा भावना कार्कीको संयोजकत्वमा २२ सदस्यीय समिति गठन भएको हो । यसरी गठन भएको समितिले गाविस स्तरमा मानव अधिकारको विषयमा स्थानीय तहसम्ममा सचेतना फैलाउने, गाउँ विकास समितिमास्तरमा हुने मानव अधिकार उल्लंघनका विरुद्ध वकालत गर्ने लगायतका कार्य गर्ने छ ।

## मोजा बुन्ने तालिम पालुङमैनादीमा सम्पन्न ।

इन्द्रेणी समाज केन्द्र नेपालद्धारा अन्र्तराष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (USAID) साथ साथ प्रोजेक्टको आर्थिक तथा प्राबिधिक सहयोगमा संचालित एचआईभी, यौन रोग रोकथाम, हेरचाह तथा उपचार कार्यक्रम पालुङमैनादी डिआईसीमा अतिरिक्त क्रियाकलाप अन्तर्गत मोजा बुन्ने तालिम सम्पन्न गरियो । २० जना आप्रवासी कामदारका श्रीमतीहरुको सक्रिय सहभागीतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रम सहभागीहरुलाई साथ-साथ प्राजेक्ट मार्फत संचालित कार्यक्रम तथा उपलब्ध सेवाहरुको बारेमा जानकारी गराउने, यौनरोग, एच्आईभी, कण्डमको सहि र नियमित प्रयोगको बारेमा जानकारी तथा शिक्षा दिने तथा सहभागीहरु बिचमा कण्डमको सहि प्रयोगका बारेमा जानकारी पुऱ्याउने साथै जाँचका लागी सेवा केन्द्रबारे जानकारी गराउने उद्धेश्यले संचालन गरिएको थियो ।



लोप हुदैं झिरुवासका कुँडले घरहरु



अनुगमन टोलीसंगै ढुङानाबेंशी महिला समूहका सदस्यहरु